RR Interdisciplinary Journal Vol. 4 No. 4 December, 2023 (2080 Mangsir) PP 65-78

# प्रगतिवादी नेपाली कथाका नारीपात्रहरूमा अनुभूतिको संरचना

**विदुला घिमिरे (विद्यावारिधि)***

## लेखसार

*प्रस्तुत लेख प्रगतिवादी नेपाली कथाका नारी पात्रहरूमा अनुभूतिको संरचनाले केकस्तो स्वरूपमा र कसरी अभिव्यक्ति पाएका छन् भन्ने प्राज्ञिक जिज्ञासाको समाधानमा केन्द्रित छ । समाजशास्त्रीय कोणबाट प्रगतिवादी नेपाली कथाको वर्गीय परिप्रेक्ष्यमा केही अध्ययन भए पनि अनुभूतिको संरचनालाई आधार बनाएर लैङ्गिक संस्कृतिको विशिष्टीकृत अध्ययन भने हालसम्म भएको छैन । अतः यही रिक्ततालाई पुरा गर्ने उद्देश्य प्रस्तुत शोधको रहेको छ । पछिल्लो समयावधिमा प्रकाशित वर्तमान परिप्रेक्ष्यका प्रगतिवादी नेपाली कथालाई मात्र विषयक्षेत्रका रूपमा सीमाङ्कन गर्दै तिनमा पनि उद्देश्यमूलक नमुना छनोट पद्धतिअनुरूप नारीअनुभूतिले सशक्त प्रस्तुति पाएका कथाहरू चयन गरी सामग्री सङ्कलन गरिएको छ । तिनै निर्धारित कथाहरूको अध्ययनार्थ विश्लेषण विधिका रूपमा साहित्यको समाजशास्त्रीय अध्ययनमा प्रयुक्त प्रमुख सैद्धान्तिक पद्धतिहरूमध्ये रेमन्ड विलियम्सको अनुभूतिको संरचनासम्बन्धी मान्यतालाई अवलम्बन गरिएको छ र अधीनस्थताका दबाब र तनावजन्य एवम् विद्रोहचेतजन्य अनुभूतिका संरचनासम्बन्धी सैद्धान्तिक अवधारणालाई मुख्य विश्लेष्य ढाँचाका रूपमा उपयोग गरिएको छ । तद्नुरूप गरिएको विश्लेषणका आधारमा समकालीन प्रगतिवादी कथाहरूमा प्रयुक्त नारीपात्रका अनुभूतिका संरचनामा वर्तमान नेपाली समाज पनि लैङ्गिक विभेदले ग्रस्त रहेको र अर्द्धसामन्तवादी संस्कृतिबाट विमुक्त हुन नसकिरहेको यथार्थ उद्घाटन भएको निष्कर्ष निकालिएको छ । लेखको अन्त्यमा लैङ्गिक प्रभुत्वका विरुद्धमा निःसृत प्रतिरोधी चेतजन्य नारीअनुभूतिका संरचनाका आधारमा समाज रूपान्तरणको प्रक्रियालाई पनि सङ्केत गरिएको छ ।*

**शब्दकुञ्जी :** प्रगतिवाद, अनुभूतिको संरचना, प्रभुत्व, लैङ्गिक अधीनस्थता, उदीयमान चेत, रूपान्तरण ।

## विषय परिचय

प्रस्तुत अनुसन्धानमूलक लेखमा प्रगतिवादी नेपाली कथामा प्रस्तुत नारीपात्रहरूमा निर्मित अनुभूतिको संरचनाको स्वरूप र त्यसको निर्माणप्रक्रिया मुख्य शोधसमस्या रहेको छ । 'अनुभूतिको संरचना' साहित्यमा अनुभूतिले संरचनात्मक स्वरूप प्राप्त गरेको हुन्छ र त्यसमा कालखण्डको संस्कृति जीवन्त बनेको हुन्छ भन्ने मान्यता बोकेको सैद्धान्तिक अवधारणा हो । यसअनुसार साहित्यमा अभिव्यक्त विशिष्ट अनुभूतिको संरचनाको पहिचान र विश्लेषणद्वारा कालखण्डको संस्कृतिका बहुआयामिक पक्षहरू र त्यसका आधारमा समाज परिवर्तनको प्रक्रियासमेतको पहिचान गरिन्छ । प्रगतिवादी साहित्यलेखनले मार्क्सवादी सौन्दर्यचिन्तनका मूल्य

---

* नेपाली विभाग, त्रि.वि., रत्न राज्यलक्ष्मी क्याम्पस, प्रदर्शनी मार्ग, काठमाडौँ । bidulaghimire7@gmail.com

र आदर्श बोकेको हुन्छ र त्यसअनुरूप वर्ग, लिङ्ग, जाति, धर्म, क्षेत्र, रङ्ग आदिका नाममा गरिने विभेद र सबै खाले शोषणका विरुद्धमा प्रतिरोधी स्वरको प्रवाह गर्दै विभेदमुक्त, समुन्नत एवम् स्वस्थ समाजनिर्माणको अभीष्ट प्रस्तुतिलाई प्रमुख ध्येय बनाएको हुन्छ । यसै परिप्रेक्ष्यमा इतिहासचेतना, वर्तमानप्रतिको सजगता र भविष्योन्मुखी दृष्टिको आत्मसात्सँगै समाज र मानवजीवनको समृद्धि खोज्नु प्रगतिवादी कथालेखनको पनि अभीष्ट बन्दछ । अतः प्रगतिवाद र अनुभूतिको संरचना दुवैले समाज र संस्कृतिसँग गहन सरोकार राख्दछन् । नारीअनुभूतिका संरचना पनि लैङ्गिक संस्कृतिसँग सम्बद्ध छ । यिनै परस्पर सम्बद्धताका आधारमा प्रगतिवादी कथामा अभिव्यक्त नारीअनुभूतिको संरचनाको पहिचान र विश्लेषण प्रस्तुत लेखमा अनुसन्धेय विषय बनेको छ । यस अध्ययनको विषयक्षेत्र समकालीन चरणका प्रगतिवादी कथा, त्यसमा पनि पछिल्लो अवधिमा प्रकाशित कथा रहेको छ । साहित्यको इतिहासमा समकालीनले वर्तमानसम्बद्ध गतिशील चरणलाई जनाउँदछ । अतः समकालीन प्रगतिवादी कथामा प्रस्तुत नारीअनुभूतिका संरचनाको विश्लेषण तथा मूल्याङ्कन गरी त्यस आधारमा वर्तमान नेपाली समाजमा विद्यमान लैङ्गिक संस्कृतिको निरूपण गर्नमा प्रस्तुत अध्ययन केन्द्रित छ ।

## अध्ययन विधि

गुणात्मक प्रकृतिको प्रस्तुत साहित्यिक अध्ययनमा सोद्देश्यमूलक छनोटमा रहेका प्रगतिवादी नेपाली कथाहरू प्राथमिक र मूलतः रेमन्ड विलियम्सद्वारा प्रवर्तित सैद्धान्तिक अवधारणा 'अनुभूतिको संरचना'सम्बन्धी र लैङ्गिक अध्ययनबारेमा लेखिएका पुस्तक तथा लेखरचनाहरूसमेत द्वितीयक सामग्रीका रूपमा रहेका छन् । तिनको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ ।

## सैद्धान्तिक आधार

'अनुभूतिको संरचना' रेमन्ड विलियम्स (सन् १९२१-१९८८) द्वारा साहित्यको समाजशास्त्रीय अध्ययनार्थ प्रतिपादित समालोचनात्मक पद्धति हो । उनले संस्कृतिको गहन विश्लेषणका क्रममा यस सैद्धान्तिक अवधारणाको विकास गरेका हुन् । उनका अनुसार अनुभूतिको संरचना एक अवधिको संस्कृति हो (सन् १९६५, पृ.६४) । अनुभूतिको संरचनाको मूलमा एक कालको खास समुदाय/पिँढीको जीवनानुभूति रहेको हुन्छ जसलाई कलाकृतिको समग्रतामा अनुभव गरेर मात्र पहिचान गर्न सकिन्छ (सन् १९७९, पृ.१२१) । उनले कालखण्डको समाजविशेषमा ससाथमा रहने संस्कृतिका तीनवटा स्पष्ट भेदहरूमा मूलधारको प्रभुत्वशाली संस्कृति, त्यसको वैकल्पिक स्वरूपको अवशिष्ट संस्कृति र विरोधी स्वरूपको उदीयमान संस्कृतिको उल्लेख गरेका छन् (सन् २०१०, पृ.१२२) । यिनै संस्कृतिलाई संवहन गर्ने पिँढी/समुदाय विशेषका सापेक्षमा उनले अनुभूतिको संरचनाको विश्लेषण गरेका छन् ।

विलियम्सका मतमा प्रत्येक कालखण्डको समाजमा कम्तीमा तीनथरी भिन्नाभिन्नै पिँढीहरू एकसाथ सक्रिय रहन सक्छन् । परस्पर अन्तरक्रियामा तिनले आफ्ना-आफ्ना बेग्लाबेग्लै अनुभूतिका संरचना पनि निर्माण गरिरहेका हुन्छन् (सन् १९६५, पृ.६७) । यसरी पिँढीगत जटिल अन्तरसम्बन्धका क्रममा प्रत्येक पिँढीहरूले परस्परका प्रतिरोधचेतमा सिर्जित गतिविधिका कारण दबाब र तनावजन्य अनुभूतिका संरचना निर्माण गर्न

पुग्दछन् । उनका अनुसार उदीयमान पिँढी भने नयाँ मूल्य, नयाँ अनुभव र नयाँ व्यवहारद्वारा नयाँ सार्थकताको खोजीमा हुन्छ (सन् २०१०, पृ.१२३) । उदीयमान (इमर्जेन्ट) अनुभूतिको संरचना एकाएक निर्माण हुने नभई यसको अनुभूतिगम्य स्वरूप पहिलेदेखि नै निर्माणको प्रक्रियामा हुने र त्यो पूर्व उदीयमान (प्रिइमर्जेन्ट) अनुभूतिको संरचनाका रूपमा हुने गर्दछ । उनका मतमा विस्तारित उदीयमान अनुभूतिको संरचनाको पूर्व उदीयमान अवस्थालाई ठम्याउन यसलाई प्रभुत्वशाली, अवशिष्ट र उदीयमान संस्कृतिका परिप्रेक्ष्यमा निर्मित बेग्लाबेग्लै अनुभूतिका संरचनाका सापेक्षतामा हेरिनुपर्दछ (सन् २०१०, पृ.१२६-१२७) । विलियम्सको अनुभूतिको संरचनासम्बन्धी मान्यताअनुरूपका साहित्यमा अभिव्यक्त प्रभुत्वशाली, वैकल्पिक तथा पूर्व उदीयमान एवम् उदीयमान संस्कृतिलाई संवहन गर्ने वर्ग, लिङ्ग, जाति आदि विविध परिप्रेक्ष्यका पिँढी/समुदायका अनुभूतिको संरचनाको खोजी र विश्लेषणद्वारा कालविशेषको संस्कृतिको पहिचान गर्न सकिन्छ ।

संस्कृतिका बहुआयामिक पक्षहरूमध्ये लैङ्गिक संस्कृति पनि एक प्रमुख पक्ष हो । लैङ्गिक संस्कृतिसम्बन्धी साहित्यिक अध्ययनमा 'नारीवाद'को महत्त्वपूर्ण योगदान रहेको छ । नारीवादका पनि विविध धारहरू विकसित छन् । पितृसत्तात्मक सामाजिक संरचनामा स्थापित विचार र मान्यताका विरुद्ध सङ्घर्षको प्रतिबद्धता सबै नारीवादीको भए पनि जात, वर्ग, धर्म आदि विविध परिप्रेक्ष्यका तिनका सङ्घर्षका स्वरूप र मोर्चामा पृथकता हुन्छ (उप्रेती, २०६८, पृ.२४९) । मार्क्सवादी नारीवाद मूलतः महिला-पुरुषको समअवस्थाको खोजीमा केन्द्रित छ । यसले पुँजीवादी उत्पादन प्रणालीमा महिलाहरू कसरी शाासित र शोषित भइरहेका छन्, त्यसको वर्गीय तथा लैङ्गिक सम्बन्धका आधारमा अध्ययन गर्दछ (भट्टराई, २०७०, पृ.३६१) । त्यस्तै, 'शरीरराजनीति' तथा 'पुरुषत्व अध्ययन' पनि लैङ्गिक अध्ययनकै प्रयोजनमा पछिल्लो चरणमा विकसित अवधारणा हुन् । सदियौँदेखि निरन्तर पितृसत्ताको हालिमुहाली रहेको समाजमा विविध सन्दर्भमा भइआएका नारीउत्पीडनका गतिविधि र हैकमविरुद्धको सशक्त स्वरप्रवाहमा यी समालोचकीय अवधारणाहरू उल्लेख्य छन् । नारीअनुभूतिको संरचना निर्माणको प्रमुख आधार पनि पितृसत्तात्मक सांस्कृतिक संरचना हो । पितृसत्ता लैङ्गिक विभेदको मानवनिर्मित संस्कृति हो । यस सांस्कृतिक परिप्रेक्ष्यको अध्ययन यी समालोचकीय पद्धतिहरूले आआफ्नै ढङ्गले गर्दछन् । प्रस्तुत लेखमा भने विलियम्सक वैकल्पिक संस्कृति संवहन गर्ने पिँढी/समुदायका अधीनस्थताका दबाब र तनावजन्य एवम् विद्रोहचेतजन्य अनुभूतिका संरचनासम्बन्धी मान्यतामा केन्द्रित भएर प्रगतिवादी नेपाली कथामा अभिव्यक्त नारीअनुभूतिको संरचनाको पहिचान तथा विश्लेषणमा लैङ्गिक अध्ययनका प्रमुख दृष्टिकोणसमेतलाई उपयोग गरिएको छ ।

## प्रगतिवादी नेपाली कथामा प्रयुक्त नारी अनुभूतिका संरचनाको विमर्श र प्राप्ति

प्रगतिवादी नेपाली कथाको समकालीन चरण निक्कै समृद्ध छ र यो राजनीतिक रूपमा पनि ज्यादै गतिशील चरण हो । २०४६ को जनआन्दोलन, दसबर्से माओवादी सशस्त्र युद्ध, ६२-६३ को संयुक्त जनआन्दोलन, राजतन्त्रको अन्त्य, मधेसआन्दोलन जस्ता महत्त्वपूर्ण राजनीतिक घटनाक्रमका ससाथमा सामाजिक-सांस्कृतिक रूपान्तरण पछ्याइरहेको नेपाली समाजका युगीन परिप्रेक्ष्यमा निर्मित लेखकीय चेतले प्रगतिवादी कथामा पनि

सशक्त अभिव्यक्ति पाएका छन् । नेपाली कथाको इतिहासमा कतिपय कथाधाराहरू क्रमशः तेजहीन हुँदै समयसितै लीन भइसके पनि प्रगतिवादी धारा भने अद्यापि रहरलाग्दो जीवन बाँचिरहेको छ (श्रेष्ठ, २०६८, पृ.३१०) तथापि प्रगतिवादी नेपाली कथा ज्यादाजसो आर्थिक विभेदजन्य समस्याकै उद्घाटन र त्यस विरुद्धको प्रतिरोधी स्वरको अभिव्यक्तिमा एकोहोरिएर समाजमा बहुआयाममा व्याप्त विभेदहरू प्रायः ओझेलमा परेको तथ्य प्रस्तुत अध्ययनको शोधक्षेत्रको सर्वेक्षणबाट प्राप्त भएको छ । यद्यपि यो धारा वर्गीय परिप्रेक्ष्यमै आधारित देखिनु स्वाभाविक देखिए पनि यस परिप्रेक्ष्यलाई जाति, लिङ्ग, क्षेत्र, पुस्तान्तर आदि विविध आयामसँग सम्बद्ध गरिनु त्यत्तिकै आवश्यक हुन्छ । यस सन्दर्भमा लैङ्गिक संस्कृतिले नारीअनुभूतिका संरचनामा केकति र कसरी प्रस्तुति पाएको छ, यो जिज्ञासा पनि यहाँनेर त्यत्तिकै अर्थपूर्ण छ । अतः पछिल्लो चरणमा प्रकाशित समकालीन प्रगतिवादी कथाहरूमध्ये नारीअनुभूतिका संरचनाले स्पष्ट प्रस्तुति पाएका कथाहरूलाई यहाँ प्रतिनिधि कथाका रूपमा चयन गरिएको छ र तलका उपशीर्षकहरूमा तिनको विश्लेषण गरिएको छ ।

## अधीनस्थताका दबाब र तनावजन्य नारीअनुभूतिका संरचना

नेपाली सामाजिक संरचनाका परिप्रेक्ष्यमा विलियम्सले चर्चा गरेअनुरूपको मूलधारको प्रभुत्वशाली संस्कृतिको वैकल्पिक स्तरमा रहने अवशिष्ट संस्कृतिभन्दा पनि अधीनस्थ संस्कृति बढी मुखर रहेको देखिन्छ । यसै परिप्रेक्ष्यमा पितृसत्तात्मक समाजमा लैङ्गिक उत्पीडन बेहोरिरहेको अधीनस्थ नारी समुदायमा निर्मित विविध सन्दर्भका अनुभूतिले समकालीन प्रगतिवादी कथामा संरचनात्मक स्वरूप धारण गरेका छन् ।

पितृसत्ताका आडमा नारीमाथि हुने यौनहिंसा नेपाली समाजको विकराल समस्या हो । त्यस परिप्रेक्ष्यकै लैङ्गिक अनुभूतिका संरचना प्रगतिवादी कथाहरूमा सबैभन्दा बढी मुखर छन् । बिना थिङको 'ड्राइभरका आँखा' कथामा यौनहिंसामा उत्पीडित नारीअनुभूतिका संरचनामा सशक्त अभिव्यक्ति रहेको छ । श्याममाया बिहान सखारै मर्चा किन्न जुँगे साहुको पसल पुग्दा पसलमा क्षणभरको एकान्तमा भोग्नु परेको यौनहिंसाका परिप्रेक्ष्यमा निःसृत अनुभूतिको संरचनात्मक स्वरूप यस्तो रहेको छ : "साहुजीले हठातै नोट समायो । नोटसँगै मेरो पनि हात समायो । हातसँगसँगै मेरो छातीका चिचिलाहरू एकाएक समाइहाल्यो । मेरो सास नै रोकिएजस्तो भयो । मैले शरीर अरट्ठो पारेँ । जतिसक्दो बल झिकेर फुत्किने कोशिसमा थिएँ म । आवाज भने घाँटीमै अड्कियो" (२०७७, पृ. ९२) । श्याममायामा निःसृत यो त्यस्तो मनोदशा हो जसमा लैङ्गिक प्रभुत्वमा हुने यौनजनित हिंसाबाट सिकार भएका उत्पीडित समस्त किशोरीहरूको भोगाइजन्य अनुभूतिको साधारणीकरण हुनसकेको छ । लगत्तै पसलमा कोही आइपुग्नुले ऊ फुत्कन त पाएकी छ तर त्यसपछि आफ्ना सम्पर्कमा आउने हरेक पुरुषदृष्टिप्रति ऊ सशङ्कित र त्रसित हुँदै र वात्सल्य हेराइ रहेको ड्राइभरका आँखासँग पनि डराउँदै र विषादपूर्ण अनुभूति सँगाल्दै दैनिकी झेलेकी छ । त्यस अवस्थाको मार्मिक चित्रणमा श्याममाया जस्ता किशोरीको मानसिक विकासको स्वाभाविक प्रक्रियामा परेको नकारात्मक असरले पनि सशक्त प्रस्तुति पाएको छ । त्यस्तै, थिङको 'सिकोफाइभ' कथामा पनि किशोरीमाथि हुने लैङ्गिक हिंसालाई नै विषयसन्दर्भ बनाइएको छ । भट्टीव्यवसाय सञ्चालन गर्दै आएकी छम्पेनी दिदीले किशोरावस्थामा टेकेकी आफ्नी छोरीलाई पुरुषका वासनात्मक कुदृष्टि र हस्तक्षेपबाट जोगाउन गरेको निरन्तर सङ्घर्षमा हठात् असफलता बेहोर्नुपर्दा निःसृत चरम आक्रोशका अनुभूति उत्पीडक नारायण झा पिटिनुमा देखापर्छ । तत्पश्चात् छम्पेनी दिदीले सँगालेका

मानसिक उत्पीडनजन्य क्षोभका अनुभूतिले कथामा यसरी प्रस्तुति पाएको छ : "रामशरण, मलाई कृष्णाको बडो पीर लाग्छ। ... मैले जस्तो भोगेर आएँ त्यस्तो यसले नभोगोस्। कसैले ऊमाथि नजर नलगाओस्! जसले नराम्रो मनसाय राख्दछ, त्यसको काँचो मासु खाऊँ लाग्छ" (२०७७, पृ. ४०)। यसप्रकार आफूझैँ पुरुषवासनाको आततायी सिकार छोरी बन्नुनपरोस् भन्ने आमाअभिलाषाजन्य सतर्कता यस अनुभूतिको संरचनामा प्रकट छ।

अनिल श्रेष्ठको 'दोसाँध' कथा लगातार बिरामी रहेको लोग्नेको रगत परीक्षण गर्दा एचआइभी पोजेटिभ भएको रिपोर्ट आएसँगै 'म' पात्रको पनि रगत परीक्षण गरिनु र त्यस्तै रिपोर्ट प्राप्त हुनु बिचको अवधि र त्यसपछिको अवधिमा उसले निर्माण गरेका अनुभूतिका संरचना वरिपरि सिङ्गो कथानक घुमेको छ। दाम्पत्य जीवनको साहचर्य र एकोहोरो अनुरागमा एकाएक लैङ्गिक उत्पीडनको आघात बेहोर्नुपर्दा निःसृत नारीअनुभूतिका संरचना कथामा यसरी प्रस्तुत छ :

अहिले सोच्छु, बरु मै पो किन रिसाइन लोग्नेसँग ? ...किन मैले कैले लोग्नेमाथि शङ्का गरिनँ ? सधैँ मेरो अघिलितिर शान्तपूर्वक मुस्काइरहेको लोग्नेको अनुहारको खुसीको त्यो जलपलाई मैले पहिल्यै किन चिन्न सकिनँ ? किन मैले उसको अनुहारभित्र लुकेको पाखण्डलाई उसकै सामु उदाङ्गो बनाइनँ ? (२०७५, १२५-२६)

यसरी परस्त्रीगमनमा पल्किएको लोग्नेको आफूप्रतिको प्रेमपूर्ण अभिव्यक्तिसहितको द्वैध चरित्र पहिल्यै ठम्याउन नसक्नुमा 'म' पात्रलाई आफूप्रतिको, आफ्नो अधीनस्थ दशाप्रतिको क्षोभ त छँदैछ, साथै आफ्नो विश्वासप्रतिको घात त्यत्तिकै असहनीय छ। मृत्युनिकट लोग्नेलाई हेर्दै गर्दा दबाब र तनावको पराकाष्ठामा 'म' पात्रमा निर्मित आक्रोशजन्य अनुभूतिको यो संरचनात्मक स्वरूप निक्कै सशक्त र विशिष्ट छ : "लोग्नेलाई हेरेँ। मान्छेभित्रको एउटा सभ्यता मर्दै गरिहेको देखिरहेँ। मेरो नाकभरि वाक्वाकी लाग्ने गरी वासनाको भोकले डढ्दै गरिरहेको लोग्नेमान्छेको एउटा नमिठो कुहिएको गन्ध आइरह्यो" (२०७५, पृ.१२८)। निर्दोष आफूसमेतलाई मृत्युनिकट पुऱ्याउने लोग्नेको यौनचरित्रका कारण पितृसत्तात्मक समाज र समस्त पुरुषप्रति नै यस्तो घृणा उब्जिनु नारीमनको असाधारण दशा हो जुन निर्माणको परिप्रेक्ष्य यौनसम्बन्धमा पुरुषलाई अतिखुकुलो भइदिने र महिलालाई अतिनियन्त्रण गर्ने पितृसत्ताको संस्कृति नै हो।

घनश्याम शर्माको 'जुन रोएको रात' कथाले पितृसत्ताको लैङ्गिक विभेदको ज्वलन्त नमुनाका रूपमा मधेसी समुदायको डरलाग्दो रोग बनेर रहेको दाइजो समस्याको सशक्त उठान गरेको छ। विवाहयोग्य छोरीलाई लिएर बाबु-आमाले भोग्नुपर्ने आर्थिक उत्पीडनको दबाब र तनावलाई यस कथाले मिही रूपमा केलाएको छ। हुनेवाला बेहुला परिवारको आर्थिक गच्छे र केटाको योग्यताअनुसार दाइजोको मोलमोलाइका क्रममा लामो सूचीमा रहने साइकल/मोटरसाइकल/कार, सुन र तिलकका रूपमा मोटो रकम अनि जग्गासमेतको बन्दोबस्त गर्नु केटीपक्षका लागि ठुलो कहर बन्ने विषयसन्दर्भलाई प्रस्तुत कथामा 'म' पात्रकी साथीको बिहेको कुरा छिन्ने सन्दर्भमा मार्मिक अभिव्यक्ति दिइएको छ। केटापक्ष हुनुको पुरुषहैकममा प्रकट घडेरीसमेतको थप मागमा केटीपक्षले चरम उत्पीडनको अनुभूति सँगालिरहेको अवस्थाको द्रष्टा 'म' पात्र बनेकी छ। त्यस घडीमा

पढाएपछि छोरी सभ्य र सुसंस्कृत मात्र हुने नभई दाइजोको लेनदेन थोरैमा पनि काम चल्छ भन्ने बाबुको सोचअनुरूप आफू उच्च शिक्षाका लागि काठमाडौँ पुग्ने अवसर पाएकी 'म' पात्रमा यस्तो अनुभूतिको संरचना निर्माण भएको छ, "म मजधारमा छु– अगाडि अध्ययन गरौँ, उच्च शिक्षा प्राप्त गरौँ झन् ठुलो माग हुनेवाला छ । नपढौँ यसै पनि यथोचित बन्दोबस्त गर्न सकिएन भने बिहे हुनै गाह्रो ! आजीवन कुमारी बस्ने ? सायद यो कुनै समाधान नहुन सक्छ" (२०७४, पृ.११९) । यसप्रकार पढेलेखेर चिन्तन गर्न सक्ने र तर्क गर्न सक्ने सामर्थ्यका नारीपात्रसमेत पुरुषसत्तामा निरीह रहेको अवस्था कथामा उद्घाटन भएको छ । यसरी समस्याको पहिचान गर्ने तर समाधानमा शिथिल पात्रको निरूपण भने प्रस्तुत कथाको खट्कँदो पक्ष भएको छ ।

नारायण ढकालको 'अलकापुर धराप' कथा लैङ्गिक प्रभुत्वको दह्रो अवस्थितिको वर्तमान दशकको समाजका परिप्रेक्ष्यमा संरचित छ । कथामा जुनसुकै बेला लोग्नेको यौनहिंसामा आक्रान्त बनेकी मायाले लोग्नेको सरुवाले राहत पाएकी छ तर लोग्नेले अर्की ल्याएर नयाँ घरजम गरी पैसा पठाउन छाडेपछि उसले निकै सङ्घर्षपश्चात् रोजगारी खोजेर स्वावलम्बनको बाटो रोजेकी छ । लोग्नेसँग डिभोर्स लिने सन्दर्भमा भने उसमा निर्मित अनुभूतिको संरचनाले कथामा यसरी प्रस्तुति पाएको छ : "तिमी कानुनको कुरा गर्छौ म समाजको कुरा गर्छु । यहाँको समाजले डिभोर्स गर्न महिलालाई झन् सहयोग गर्दैन । डिभोर्स गरेर मेरी छोरीको भविष्य बिगार्न सक्दिनँ" (२०७६, पृ.६९) । कानुनतः डिभोर्स लिन महिलालाई सजिलो हुने रेवतीरमणको भनाइको प्रतिवादमा यस अनुभूतिगम्य तर्क उसले भोगेको पुरुषप्रभुत्व विद्यमान समाजसापेक्ष छ । उसले यस सन्दर्भमा राज्यका ठूला तीन पदमा महिला पुगेको समय भए पनि सामान्य महिलालाई परिवर्तनले छुन नसकेको यथार्थलाई पनि प्रस्ट पारेकी छ । लोग्नेले खुलेआम अर्की स्वास्नी भित्र्याउने समाजमा उसले भने रेवतीरमणप्रतिको जैविक आकर्षण र हिमचिमलाई गोप्य राख्न बाध्य हुनु लैङ्गिक विभेदकारी समाजमा नारीअधीनस्थताको दशा हो । यसरी प्रस्तुत कथामा युगचेत बोकेकी, शिक्षित र स्वाबलम्बी नारीचरित्र नै अधीनस्थ संस्कृतिमा अभ्यस्त भएको देखिन्छ ।

मानवीय संवेदनासँग गाँसिएका सानातिना रहर पूरा गर्न पनि अर्थपहुँचका अभावमा महिलाले बेहोर्ने विशेष कठिनाइको उदाहरण खगेन्द्र सङ्ग्रौलाको 'कुराउनीको रित्तो पेरुङ्गो' कथामा प्रस्तुत छ । लोग्ने सशस्त्र युद्धको समयपरिप्रेक्ष्यमा निर्दोष लोग्ने परिपञ्चमा परेर भूमिगत बनेसँगै अर्थोपार्जनको स्वामित्व पुरुषले लिने पितृसत्ताको समाजमा अर्थाभावका कारण पारिवारिक दायित्व उठाउनु उसका लागि सकसपूर्ण छ । त्यस परिस्थितिमा थोती आमालाई मीठो खुवाएर मुख रसाइदिएर तृप्त बनाउने रहरलाई पूर्णता दिन उसले बनिबुतो गरेर प्राप्त दूधबाट कुराउनी तयार गरेकी छ । कुराउनी जोगाउन कलिला छोरीहरूको मुख मोसेकी छ । कथामा प्रस्तुत यो सन्दर्भ पुरुषनिर्भर आर्थिक संरचनाको परिप्रेक्ष्यसँग गाँसिएको लैङ्गिक अवस्थाको विशेष स्वरूप पनि हो । यसरी कुराउनी हालिएको पेरुङ्गो, सानी छोरी र थाङ्नाको पोको बोकेर माइत हिँडेकी शकुन्तला बाटोमा पुलिस हबल्दारको खानतलासीको फन्दामा परेकी छ । उसले पेरुङ्गाको मुख च्यात्दै कुराउनीमा आँखा गाडेपटि शकुन्तलाले यसरी पुकारा गरेकी छ, "बिन्ती छ पुलिस दाइ ! बुढी आमालाई भनेर ल्या'को यो मेरो कोसेली..." (२०७४, पृ. ९८) तर निर्लज्ज हबल्दारले सबै कुराउनी खाएको छ । उसको यस धृष्ट र संवेदनाहीन व्यवहार महिलाप्रतिको हेपाहा प्रवृत्तिको प्रस्तुति पनि हो । यसरी रित्तो पेरुङ्गो लिएर आमासमक्ष प्रस्तुत हुनुपर्दा शकुन्तलाले सँगालेका आर्थिक उत्पीडनका चर्को दबाब र तनावजन्य

नारीसंवेदनाका निःशब्द अनुभूतिको संरचनाले कथामा निक्कै सशक्त प्रस्तुति पाएको छ। यहाँनेर पात्रका शब्दविनाका अनुभूतिलाई संरचनात्मक स्वरूप दिन सकिने साहित्यको शक्तिलाई अभिव्यञ्जित गर्न कथाकार सफल छन् तर जनयुद्धमा नारीसहभागिताले देखाएको प्रतिरोधी चेतविस्तारको त्यस समयपरिप्रेक्ष्यमा कथाकार खगेन्द्र सङ्ग्रौला तथा नारायण ढकाल जस्ता स्थापित प्रगतिवादी कथाकारबाटै निरीह नारीचरित्रको निर्माण भने ज्यादै खट्किने पक्ष रहेको छ। उपर्युल्लिखित विश्लेष्य कथाहरूमा प्रस्तुत अनुभूतिको संरचनामा पितृसत्ताद्वारा स्थापित सामाजिक-सांस्कृतिक मूल्य नै महिलामाथिको दमन र शोषणको कारक भएको यथार्थ उद्घाटन भएको छ।

## विद्रोहचेतजन्य नारीअनुभूतिका संरचना

प्रगतिवादी कथाकारको दायित्व रचनामा यथास्थितिको समाजसंस्कृतिलाई छर्लङ्ग्याउनु मात्र नभई समतामूलक समाजनिर्माणमा सबैखाले विभेदविरुद्ध लड्ने जुझारु पात्रचरित्रको निर्माण पनि हो। पितृसत्ताको लैङ्गिक विभेदजन्य अनुभूतिको संरचना निर्माणको प्रक्रियामा विद्रोहचेतको प्रस्तुतिबारेको अध्ययन पनि यहाँनेर महत्त्वपूर्ण हुन्छ। लैङ्गिक अध्ययनका सन्दर्भमा सर्जक र समालोचकले निर्वाह गर्नुपर्ने भूमिकाबारे रमेशप्रसाद भट्टराई भन्दछन् :

लैङ्गिक समालोचनाको मूल अभीष्ट नै सामाजिक विभेदबाट मुक्तिको खोजी हो। यसका लागि कृतिकारले आफ्ना कृतिमा नारीसँग सम्बद्ध सुन्दर पक्षको मात्र खोजी गरेर पुग्दैन, विद्रोहात्मक पक्षको पनि खोजी गर्नुपर्दछ। यसको तात्पर्य उग्रता, एकपक्षीयता वा नारी एक्लै नै सर्वोपरि भन्ने होइन, नारी पुरुष समविकासका आवश्यक पक्षको पहिचान गर्ने क्रममा लेखनबाट परम्परागत मूल्य, मान्यता, रूढि र पुरुषपक्षीय चेतनाबाट मुक्त गर्नु हो भने समालोचकको कामचाहिँ यी विषय सही रूपमा कृतिमा प्रतिविम्बन हुन सके वा सकेनन् भन्ने नै हो ( २०६८, पृ. २७२)।

यहाँनेर सामाजिक विभेदविरुद्धको सशक्त स्वरप्रवाहको अभीष्टमा प्रगतिवादी साहित्य र लैङ्गिक समालोचना परस्पर जोडिने तथ्य प्रस्ट भएको छ। समकालीन प्रगतिवादी कथामा मूलधारमा स्थापित पितृसत्तात्मक प्रभुत्वशाली संस्कृतिका संवाहकद्वारा नारीमाथि भएगरेका दमन, शोषण र उत्पीडनमा नारीसमुदायअन्तर्गत सहनको संस्कृतिमा अभ्यस्त हुने नारीको मात्र नभई त्यहाँ पूर्व उदीयमान तथा नव उदीयमान नारीचरित्रको पनि निरूपण भएको छ। तिनमा सिर्जित विद्रोहचेतजन्य अनुभूतिका संरचना प्रस्तुत लेखको मुख्य विवेच्य सन्दर्भ बनेको छ। लैङ्गिक प्रभुत्वबाट प्रताडित नारीपात्रका संवेदनालाई विषयाधार बनाउँदै उत्पीडनविरुद्ध उत्पीडित नारीमा उद्बुद्ध पूर्वउदीयमान अनुभूतिको संरचनाको प्रस्तुतिमा 'सुमेरुको द्रौपदी' 'विश्वासघात', 'स्वप्नभङ्ग' एवम् 'कच्छा' कथाहरू विशिष्ट छन्। अभय श्रेष्ठको 'सुमेरुको द्रौपदी' कथामा *महाभारत* ग्रन्थमा प्रस्तुत नारीपात्र द्रौपदीको चरित्रलाई वर्तमान परिप्रेक्ष्यमा विनिर्माण गरी प्रस्तुत गरिएको छ। द्रौपदीले स्वर्गयात्राका क्रममा समेत पितृसत्ताजन्य उत्पीडनबाट प्रताडित हुनुको दबाब र तनावका मार्मिक अनुभूति सँगाल्ने क्रममा मूलधारमा रहेको लैङ्गिक प्रभुत्वमा बेहोरेका विशेषतः पुरुषमामवासनाका परिप्रेक्ष्यका एकपछि

अर्को चरमोत्कर्ष अत्याचारजन्य अनुभूतिको पनि स्मरण गरेकी छ । उसले त्यस यात्रालाई पूर्णता दिन अशक्त हुनुमा युधिष्ठिरद्वारा पञ्चपाण्डवमध्ये अर्जुनप्रतिको विशेष आशक्ति पाप भएको बताइएको र जीवनको अन्तिम मोडमा उसलाई अलपत्र छाडेर पतिहरू अगाडि प्रस्थान गरेको त्यस घडीमा विगतमा उत्पीडन भोगेकै क्षणहरूमा विद्रोह गर्न नसक्नुमा पश्चातापका तीव्र ज्वारमा निःसृत अनुभूतिसँग जोडिएर विकसित भएको विद्रोहचेतका अनुभूतिको संरचना कथामा यसरी प्रस्तुत छ :

संसारका सारा दुःखी नारीहरू, तिमीहरूसँग पनि म माफी माग्छु । जीवनभरि म परपीडक पुरुषकी पारिवारिक वेश्या भएँ । मैले विद्रोह गर्न सकेकी भए आज नारीको जीवन अर्कै हुने थियो । जीवनको अन्तिम घडीमा मभित्र विद्रोहको आगो बलिरहेको छ । अब तिमीहरू नै यसलाई दुःखी द्रौपदीको नासोका रूपमा साँचिराख । त्यसैलाई हतियार बनाऊ । त्यसले नै एक दिन नयाँ युग ल्याउने छ, जहाँ नारी भएकै कारण कसैको जीवन अभिशप्त हुने छैन । त्यो बेला म नभए पनि आफ्नो साकार सपनामार्फत बाँचिरहने छु । (२०७४, पृ.६६)

यसप्रकार कथामा सदियौँदेखि वर्तमानसम्म नारीउत्पीडनको संस्कृतिले निरन्तरता पाइरहेको परिप्रेक्ष्यमा उत्पीडित पात्र द्रौपदीद्वारा विद्रोहचेतजन्य अनुभूतिलाई संरचनात्मक स्वरूप प्रदान गर्दै लैङ्गिक प्रभुत्व अन्त्यका लागि जुट्न समस्त नारीसमक्ष आह्वान प्रस्तुत गरिएको छ । अतः प्रगतिवादी चेतको प्रसारणमा प्रस्तुत कथा उल्लेख्य रहेको छ । सीताराम नेपालको 'विश्वासघात' कथामा पनि 'म' पात्रले पुरुषप्रभुत्वमा झेलेका उत्पीडनको स्मरण गर्दै र आफूबाट भएका पूर्वगल्तीहरूप्रति आत्मलोचना गर्दै जीवनलाई नयाँ मोडतर्फ डोऱ्याउन सँगालेको विद्रोहचेतजन्य अठोटलाई उसमा निर्मित अनुभूतिका संरचनामा यसप्रकार प्रस्तुत गरिएको छ :

हाताँ डिग्री र साथाँ जागिर छँदैछ, दुःख पाइन्छ कि भनेर किन चिन्ता गर्छेस् ? यो मोराको सङ्गतमा कैलेचाहिँ सुख पाछेस् र दुःखमा डराम्छेस् । महिलालाई हातको खेलौना ठान्ने यस विश्वासघाती कन्या राशीलाई त्याग् । अब पहिले जस्तो छैन । यो समाज परिवर्तन भैराछ (२०७४, पृ.२७६) ।

नारीको मानसिक धरातलसम्बद्ध हुँदै प्रस्तुत गरिएको यस अनुभूतिको संरचनामा लेखकीय प्रगतिवादी प्रतिरोधी चेत मुखर भएको छ । त्यस्तै, प्रदीप ज्ञवालीको 'स्वप्नभङ्ग' कथाले दाम्पत्य जीवन र प्रजनन अधिकार परिप्रेक्ष्यमा निःसृत पुरुषदमन विरुद्ध नारीमनमा निःसृत प्रतिरोधी चेतलाई विषयसन्दर्भ बनाएको छ । कथामा समभावमा सुरु भएको अविरामसँगको प्रेमसम्बन्धले वैवाहिक रूपप्राप्त गरेपछि भने रश्मीले लैङ्गिक विभेदजन्य उत्पीडनकाअनुभूति सँगाल्न विवश भएकी छ । दोस्रो सन्तानका रूपमा रश्मीका गर्भमा हुर्किरहेको सन्तान पनि छोरी नै भएको थाहा भएपछि अविरामबाट भ्रूणहत्याका लागि तीव्र दबाब रश्मीका लागि असह्य बन्दछ र अन्ततः यस्तो अठोटजन्य अनुभूति निर्माण गर्न पुगेकी छ :

म नारीवादी होइन, तर आज अविरामको असली अनुहार हेरेपछि मलाई पुरुषजातीप्रति नै एकखाले वितृष्णा पैदा भएको छ । सबै त्यस्ता पक्कै हुँदैनन् होला, तर अविरामले मेरो विश्वासमाथि ठुलो पहिरो हालिदिएको छ । उसको अनुहार मलाई राक्षसको जस्तो लाग्यो, जसले छोराको लोभमा एउटी छोरीलाई जन्मिन पनि नदिई हत्या गर्न चाहन्छ । (२०७४, पृ.१८१)

यसरी पितृसत्ताको संस्कृतिगत दोषका विरुद्धमा अनुभूति निर्माण गर्दै र पतिको निर्णयको डटेर विरोध गर्दै

रश्मीले प्रजनन अधिकारमा 'आमा' हैसियत प्रकट गरेकी छ । कुनै हालतमा पनि भ्रूणहत्या हुन नदिने र दाम्पत्यजीवन जोखिममा परे पनि महिलाको प्रजनन अधिकारलाई सुरक्षित राख्ने रश्मीको दृढ अठोटसमेतको निर्णयक्षमतामा लैङ्गिक अहंले आक्रान्त अविराम हतास र अत्तालिएको देखिनुसँगै कथामा प्रतिरोधी चेतको असरसमेतको अभिव्यञ्जना भएको छ ।

देशको राजनीतिले ठुलो फड्को मारिसक्दा पनि आर्थिक जर्जरताबाट कहिले उभो नलागेका, खाडी मुलुक पुग्ने ऋणको जोहो गर्न नसक्ने अति विपन्न पुरुषहरू काममामको खोजीमा कालापार पुगेको हुँदा घर-बच्चा सम्हाल्ने नारीको आर्थिक दुर्दशालाई नवीन विभासको 'कच्छा' कथाले विषयसन्दर्भ बनाएको छ । छोरोले माग गरेको नयाँ 'कच्छा' (कट्टु) जुटाउन नसक्दा टालेको जीर्ण कट्टु जोगाउन छोराले भोगेको समस्या र बेइज्जती अनि ऊ स्कुल जानबाट वञ्चित रहनुपर्दाको अवस्थामा आहत आमा दिलसराको दुःखेको मन र मनमा उठेका तर्कनाका अनुभूतिले धारण गरेको संरचना कथामा यसप्रकार रहेको छ :

- मुक्खेको नाति विक्रमले नारा नछिन्देको भए कसरी बगाउँथ्यो खोलाले ?
- मुक्खेका हेड मास्टर नभए कसरी टालेको कच्छा लाउनेलाई रोक्थ्यो ?
- गरीबको पनि स्कुल भए लालबहादुरलाई स्कुल जानबाट कसले रोक्थ्यो ? (२०७३, पृ.२७४)

यसप्रकार मुखिया, हेडसर आदि गाउँका ठुलाबडा भनिने पुरुषको लैङ्गिक प्रभुत्वमा पिल्सिनुपर्दा पुरुषसत्ताको समाजव्यवस्थाबाट मनसरामा निःसृत यस विरोधचेतले कथालाई थप सशक्त बनाएको छ ।

समकालीन प्रगतिवादी कथाहरूमा नारीलाई अबला, निरीह, आश्रिता स्वरूपमा मात्र होइन; लैङ्गिक विभेदविरुद्ध आलोचनात्मक सचेतना बोकेका, राजनीतिक चेतयुक्त, समर्थवान् नारीचरित्रको निरूपणमा पनि कथाकारको ध्यान पुगेको देखिन्छ । त्यस परिप्रेक्ष्यका नव उदीयमान अनुभूतिका संरचना निर्माण गर्ने नारीपात्रको सिर्जनामा आन्विका गिरीका कथाहरू सशक्त छन् । गिरीको 'आडम्बर' कथा प्रेम, विवाह तथा प्रजननका परिप्रेक्ष्यमा पुरुषप्रभुत्वजन्य विकृतिलाई चिरफार गर्ने सबल कथा हो । कथामा पितृसत्ताका आडमा बलशाली हैसियत प्रकट गर्दै आएको पुरुषप्रवृत्तिप्रति क्रमशः विरोधचेत निर्माण गर्दै र अन्ततः अधीनस्थता छिनाल्दै प्रतिरोधी चेतको अनुभूतिले जन्माएको प्रखर स्वर पतिसमक्ष पत्नीले यसरी प्रकट गरेकी छ : "यो सम्बन्धबिच्छेदको कागजपत्र, पढेर साइन गरिदिनु । म तिमीलाई छाड्दैछु" (२०६६, पृ. ३७) । यसरी नारीस्वाभिमानका अनुभूतिले यहाँनेर सशक्त प्रस्तुति पाएको छ । त्यस्तै, गिरीको 'दाइ पार्टीको हुनुभएछ' कथामा पुरुषप्रभुत्वमा निःसृत यौनहिंसा विरुद्धको प्रतिरोधी चेतका नारीअनुभूतिको सशक्त प्रस्तुति रहेको छ । कथामा रक्सी खाएर आई मञ्जु भाउजूप्रति लक्ष्यित हुँदै बच्चु दाइसँग, "तेरो स्वास्नीसँग म सुत्छु" (२०६६, पृ.८) भन्ने गा.वि.स. अध्यक्ष पिटिएको आरोपमा जेल परेको बच्चु दाइलाई छुटाउने क्रममा 'म' पात्रले धम्की बेहोर्नु परेको छ । त्यतिखेर उसले यसरी प्रतिवाद गरेकी छ : "तपाईंले उसलाई पोडे भनेर हेप्ने हिम्मत कसरी गर्नुभयो ? तपाईंकी स्वास्नीलाई कसैले रातको लागि माग्यो भने तपाईं के गर्नु हुन्छ ? स्वास्नी दिएर पठाउनु हुन्छ ?' म भद्दा सुनिएँ, तर यो आवश्यक पनि थियो" (२०६६, पृ.१०) । लैङ्गिक प्रभुत्व विरुद्धको यसप्रकारको

प्रखर प्रतिरोधी चेतका अनुभूतिमा निःसृत भनाइ उनको 'राजनीति' कथामा पनि यसप्रकार प्रस्तुत छ : "सर मलाई बहिनी जस्तो होइन पत्रकार जस्तो व्यवहार गर्नुस्" (२०६६, पृ. ५८)। स्वतन्त्र विवेक प्रयोग गर्न नदिने सम्पादकको हस्तक्षेपकारी भूमिकामा डटेर विरोध गरेपछि थामथुम पार्न सम्पादकले "तिमी मेरी बहिनी जस्ती छौ" (२०६६, पृ.५९) भन्दा उसले यसरी प्रतिवाद गरेकी छ। कार्यक्षेत्रमा प्रकट लैङ्गिक प्रभुत्व विरुद्ध निःसृत नारीअनुभूतिको संरचना यहाँनेर निकै सशक्त छ।

गिरीको 'ऊ र आमा' कथामा अघिल्लो पुस्ताले पुरुषआक्षेपमा झेलेको प्रतिरोधविहीन उत्पीडनको संस्कृति र पछिल्लो नारीपुस्ताले झेलिरहेको उत्पीडनमा पुरुषप्रभुत्व विरुद्धको प्रतिकारचेतयुक्त परिवर्तोन्मुख संस्कृतिलाई कथामा समानान्तर रूपमा प्रस्तुति दिइएको छ। कथामा 'आमा' पात्र लैङ्गिक उत्पीडनमा पिल्सिएरै प्राणत्याग गरेकी छ। त्यस विपरीत 'ऊ' पात्रले लैङ्गिक प्रभुत्वको डटेर सामना गरेकी छ। उसका प्रतिरोधचेतजन्य गतिविधिको प्रस्तुति कथामा निकै सशक्त रूपमा भएको छ। कथामा 'ऊ' पात्र प्रतिभावान् लेखक भनी पुरुषमाझ चिनिनु, नारीप्रतिभाबाट विचलित बन्दै सहकर्मी पुरुषहरूद्वारा उसको चरित्र बदनाम गराइनु, आफूलाई बदनाम गराउने पुरुषमाझ हाँस्दै हाकाहाकी रूपमा तर्क लिएर प्रस्तुत हुनु जस्ता उसका गतिविधिले पुरुषसत्तामा उसको भयरहित अवस्था, क्रोध एवम् आक्रोशमाथिको विजय र संयमताको धारणसहित लैङ्गिक प्रभुत्व विरुद्ध लड्ने आत्मविश्वासलाई पनि प्रस्तुत गरेको छ। यस परिप्रेक्ष्यको उसमा निर्मित विशिष्ट अनुभूतिको संरचना कथामा यसरी प्रस्तुत छ :

तपाईंलाई लागेको होला, म रोइरहेको छु तर होइन, मलाई पुरुषहरू यसरी एउटी स्वास्नीमान्छेसँग डरले काँपेको देख्दा बडो रमाइलो लागिरहेको छ। ...त्यसैले नै मैले तपाईंलगायतका जोजोसँग कुरा गरेँ ती मध्ये नै एक मेरो बच्चाको बाबु हुनुपर्छ ? तपाईंलाई र तपाईंका साथीहरूलाई थाहा छैन, बिनासेक्स बच्चा हुँदैन ? (२०६६, पृ. ८०)

यसप्रकार पुरुषसंसर्ग विना सन्तान जन्माएर सगौरव एकल आमा बनी मातृवात्सल्यको आनन्द लिने कथाकी 'ऊ' पात्रले पत्रकार पुरुषसाथीहरूबाट भएका लैङ्गिक प्रभुत्वका विकृतिजन्य व्यवहारलाई डटेर सामना गर्दै र नारीको प्रजननअधिकारको हैसियतसमेत प्रकट गर्दै पुरुषप्रभुत्वमाथि चोटिलो प्रहार गरेकी छ। यसरी प्रतिरोधी चेतजन्य नारीअनुभूतिका संरचनालाई नारीलेखनमार्फत सटीक प्रस्तुति दिँदै त्यसमार्फत समाज परिवर्तनको दिशाबोध गराउन गिरीका कथाहरू सक्षम छन्।

प्रजनन अधिकारकै परिप्रेक्ष्यमा संरचित भवानी क्षेत्रीको *उजेली* कथामा पनि लैङ्गिक उत्पीडन विरुद्धका प्रतिरोधी चेतमा निःसृत नारीअनुभूतिका संरचनालाई सशक्त प्रस्तुति दिइएको छ। कथामा एक्लै जीवन डोऱ्याउनु पर्ने अवस्थामा स्वाभिमानी बन्दै स्वावलम्बनको बाटो रोजेकी उजेलीले समाजमा पुरुषप्रभुत्वलाई गहिरिएर अनुभूत गर्नु, सबै उमेर, वर्ग र तहका पुरुषद्वारा प्रकट हुने यौनचेष्टा र गतिविधिका अनुभूति सँगाल्नु, विवाह नगरी उजेली गर्भवती हुनु र बच्चा जन्माउनु जस्ता घटना समाज हल्लाउने विषय बन्नु, उसको सन्तानको बाबुको निधो गर्न समाजमा सभा बस्नु र उसलाई उपस्थित गराइनु, त्यत्तिखेर ऊ निर्भीक भएर प्रस्तुत हुँदै बुजु्रग भनिने पुरुषहरूको दोषारोपण र प्रश्नहरूको तार्किक उत्तर दिनु, साथै पितृसत्तामा अभ्यस्त महिलाहरूसमेतको अपमान र घृणाको पनि डटेर सामना गर्नु जस्ता घटनाहरूको संयोजन गरिएको छ।

अन्ततः उजेलीको अनुभूतिगम्य निर्णयलाई कथामा यस्तो संरचनात्मक स्वरूप प्रदान गरिएको छ : "यो बच्चाको बाबु मैले चिनाउने हैन बडा ! यदि ऊ आमाको दूध पिएको छोरो हो भने, यदि ऊ आफूलाई मान्छे हुँ भन्छ भने आफैँ निक्लियोस् र भनोस् – यो मेरो बच्चा हो । यदि होइन, ऊ एउटा काँतर, नामर्द स्वार्थी हो र लुकेर बस्छ भने त्यस्ता लाछी मान्छेको नाम लिएर म बच्चाको नामसँग जोड्दिनँ" (२०७४, पृ. २०३) । यसरी पुरुषप्रभुत्वलाई हाँक दिँदै सही दिशामा प्रतिरोधी चेतको प्रसारण गर्ने पात्रको निरूपण यस कथाको सबल पक्ष बनेको छ ।

राजवको 'लगभग' कथाले अमेरिकाको खुलासमाजको संसर्ग पाइसक्दा पनि पितृसत्तात्मक संस्कृतिगत संस्कार त्याग्न नसकेको श्रीमान्ले श्रीमतीलाई नियन्त्रणमा लिने पुरुषआडम्बरजन्य हैकमका ससाथमा पुँजीवादी संस्कृतिको व्यक्तिवादिता र अर्थोपार्जनलाई सर्वोपरितामा राख्ने प्रवृत्तिसमेत मिसिँदा नारीले झेलिरहेको लैङ्गिक उत्पीडनका नवीन परिप्रेक्ष्यलाई ज्वलन्त बनाएको छ । दुवै कामकाजी रहेको व्यस्त जीवनयापनमा घरायसी काममा साथसहयोग नभई उल्टो आदेश, दमन, दलन, निर्णयमा हस्तक्षेप जस्ता श्रीमान्का अधीनस्थ व्यवहारका कारण सुभद्राले दबाब र तनाव झेलिरहेकी छ । त्यसमाथि अरुचिको पेसाप्रतिको रुष्टता, पुँजीवादी जीवनशैलीमा सिर्जित नैराश्य र विसङ्गतिबोधको अनुभूतिले आक्रान्त हुनुले उसले नेपाल फर्कने अठोट गरेकी छ र नेपाल फर्कने निर्णय श्रीमान्लाई सुनाएकी छ । नेपाल फर्कने कुरामा अर्जुनको कडा प्रतिवादमा उसले पार्लरमा गलत मनसाय बोकेर केटाहरू पनि थ्रेडिङ गर्न आउन थालेको कारण दर्साउँदै पेसा छोड्ने निर्णय पनि दृढतापूर्वक प्रस्ट पारेकी छ । त्यत्तिखेर पनि सुभद्रासँग अर्जुनले पार्लर मालिक्नीको त्यसबारेको दृष्टिकोण खोज्नुले आफ्नोभन्दा बढी अर्थोपार्जन हुने थ्रेडिङ् पेसामा रहिरहन र अमेरिका नछोड्न दबाब दिने उसको मनोदशा स्पष्ट भएको छ । तब सुभद्रा यसरी कुर्लिएकी छ, "लुनाको कुरा छोड्नुस्, ऊ मालिक्नी हो, गर भन्ली तर तपाईं के भन्नुहुन्छ त्यो भन्नुस्" (२०७५, पृ. ६०) । यसप्रकार कथामा पेसासँग गाँसिने नारीस्वाभिमानका सम्बन्धमा श्रीमान्कै दृष्टिकोणको खोजीका साथै पैसामुखी प्रवृत्ति र लैङ्गिक हैकम विरुद्ध नारीपात्रको यस गर्बिलो आवाजको प्रस्तुति श्रीमान्को पुरुषअहंलाई गहिरो झट्का दिनमा निक्कै अर्थपूर्ण देखिएको छ ।

अनिल श्रेष्ठको 'बन्दी बुबालाई पत्र' कथा नारीजागृतिका सन्दर्भमा रचित छ । यस कथामा पञ्चायती शासनव्यवस्था ढालेर बहुदलीय प्रजातन्त्र स्थापनापश्चात् पनि यथास्थिति कायमै रहेको परिप्रेक्ष्यमा त्यसको विरोध एवम् क्रान्ति र परिवर्तनको चेतनाले युवा नारीसमुदायमा उद्बुद्ध अनुभूतिको संरचनामार्फत यसरी सशक्त प्रस्तुति पाएको छ : "महिला आन्दोलनका थुप्रै दिदीबहिनीहरूको साथमा छु । कतैबाट पनि टुङ्गोलाग्न नसकेको यो अपूरो क्रान्ति र यो अधुरो सपना बोकेर हामी हिँडिरहेका छौँ सङ्घर्षको बाटोतिर । साँच्चै अब मृत्युसँग पनि डर लाग्दैन । हामी जित्नेछौँ, जितेर फर्कने छौँ" (२०७५, पृ.२०) । अझै पनि बन्दी अवस्थामै रहेका, समाज परिवर्तनको पक्षधरतामा निरन्तर अडिग बाबुप्रति छोरीद्वारा संप्रेषित पत्रमा अभिव्यक्त यस अनुभूतिको संरचना सबैखाले सामाजिक विभेदको विरुद्धमा लड्ने र जित्ने नारीमा उद्बुद्ध आत्मविश्वासको परिप्रेक्ष्यमा निःसृत छ । नारी घरभित्रमात्र सीमित नभई घरबाहिर पनि पुरुषको समकक्षमा जुनसुकै भूमिका निर्वाह गर्न सक्षम छन् भन्ने स्वरप्रवाहमा पनि क्रान्तिप्रतिको समर्पणका सन्दर्भको यस नारीअनुभूतिको संरचना अर्थपूर्ण छ ।

नवीन विभासको 'औल्याल ! हाम्रो फोटो नखिच' कथामा क्षेत्रीय, वर्गीय, जातीय सबै आधारबाट सीमान्तीकृत समुदाय अन्तर्गत पनि नारीका दुःख र उत्पीडनका सन्दर्भलाई नारीसमुदायका प्रतिनिधि पात्रहरूद्वारा सशक्त अभिव्यक्ति दिइएको छ । गणतन्त्र आइसक्दा पनि एक्लै महिलाले ज्यादै कमजोर आर्थिक संरचनामा परिवार सम्हाल्ने अभिभारा उठाउनुको मानसिक तनावमा हरदम पिरोलिनुपर्ने अवस्थामा बारम्बार विकासे कार्यकर्ता आएर सुदूर कर्णालीका गाउँमा गरिब/दलितका दुःखका फोटा खिचेर लैजाने सन्दर्भले थपेको तनावलाई 'औल्याल ! हाम्रो फोटो नखिच' कथाले सशक्त उद्घाटन गरेको छ । क्षेत्रगत विभेदमा रहेको सीमान्तकृत नारीसमुदाय घरायसी जिम्मेवारी, परिवारका बाल तथा वृद्ध सदस्यप्रतिको जिम्मेवारीले थिचिँदा आयआर्जनका लागि न त पुरुषसरह घर छोडी फुत्त बाहिरिने परिस्थितिमा हुन्छन् न त चरम आर्थिक दुरवस्थाबाट उम्किने साथ र सहयोग कोही-कतैबाट प्राप्त गर्दछन् । उल्टो आफ्नो दुर्दशा विज्ञापित भएर अरूले डलर कमाउने माध्यम बन्दछ भने त्यो अनुभूति निक्कै पीडादायी हुन्छ र त्यसले आक्रोशलाई जन्माउँदछ । स्हउरी पात्रमा निर्मित यस परिप्रेक्ष्यको अनुभूतिको संरचनाले प्रस्तुत कथामा यसरी अभिव्यक्ति पाएको छ : "स्हक्छौ भने हाम्मा दुख स्हप्पै लग । लग र खाऊ हाम्मा दुख पनि । स्हक्छौ ? स्हक्दौन । स्हक्दौन भने हाम्मा फोटो नखिच । हामी जस्ता छम् निका छम् । तुमीले हाम्मा फोटो खिचिलिन्या । डलर खान्या । हामीकन हुन्या केई नाइ ।" (२०७३, पृ.३२१) यहाँनेर पुँजीवादी व्यवस्थाले थोपरेको मूल्य र त्यसले मानवीय संवेदनामा पारेको आघातले अनुभूतिको स्वरूप धारण गरेको छ र पुँजीवादी उत्पादन प्रणालीमा महिलाहरू थप शासित र शोषित भइरहेको परिप्रेक्ष्यमा निःसृत उत्पीडन विरुद्धको प्रतिरोधी चेतले उत्पीडित नारीकै आवाजमा सशक्त प्रस्तुति पाएको छ । साथै, कथाले आत्मसात् गरेको अन्तर्वस्तु तथा पात्रस्तरअनुरूपको भाषिक प्रयुक्तिबिचको सन्तुलनले अनुभूतिका संरचनामा निख्खारता प्रदान गरेको छ ।

त्यस्तै, सामन्तवादी सामाजिक विभेदविरुद्ध पारिजातको सशक्त लेखनको प्रभावमा निर्मित उदीयमान नारीचेत र समाजप्रतिको दायित्वबोधले गायत्री विष्टको 'पारिजातको फुल' कथामा 'म' पात्रमार्फत यसरी प्रस्तुति पाएको छः

कर्तव्य पुरा गर्न । मानिस जन्मिएपछि सुखभोग मात्र गर्छ भने त्यसको जन्म बेकार हो । आफ्नै लागि मात्र बाँच्नेहरूको बचाइ पशु बचाइ हो । मानिस मानिस भएर बाँच्न हाम्रो समाजमा जरा गाडेर बसेको सामन्ती संस्कार सबैको मन मनमा ज्यूँका त्यूँ छन् । यसलाई नष्ट पार्न कार्यक्रमहरू गर्नु पर्छ र लेख्नु पर्छ बुझिस् केटी ? (२०७२, पृ.६०)

गणतन्त्रप्राप्तिपछिको नयाँ परिवेशमा पनि नेपाली समाज सामन्ती विभेदले आक्रान्त रहेको सन्दर्भमा प्रगतिवादी आदर्शमा निःसृत प्रतिरोधी चेत उक्त नारीअनुभूतिका संरचनामा अभिव्यक्त छ । यसप्रकार सामयिक परिप्रेक्ष्यमा समाजमा उद्बोधित लैङ्गिक चेतनाका कारण नारीजागृतिको आधार खडा हुँदै गइरहेको अवस्थालाई उपर्युक्त विवेच्य कथाहरूमा नारीपात्रका अनुभूतिका संरचनामा सशक्त प्रस्तुति दिइएको छ तथापि त्यत्ति नै पर्याप्त भने छैन ।

व्यक्तिले बाँच्नेभोग्ने जीवन विद्यमान सामाजिक संरचनाका आयामहरूबाट निर्धारित हुन्छ । त्यसै परिप्रेक्ष्यमा पितृसत्तात्मक संस्कृति स्थापित समाजमा बलशाली बनाइएका पुरुष, तिनका अहं, दम्भ, स्वार्थ र व्यक्तिवादिता नै नारीसमुदायमाथिको शासन, शोषण, दमन र दलनका कारण बनिरहेको यथार्थसँगै नारीसमुदायमा उद्बुद्ध

प्रतिरोधी चेतसमेतलाई प्रकट गर्न प्रगतिवादी कथाकारले नारीअनुभूतिका संरचनालाई आफ्ना रचनामा उपयोग गरेका छन् । प्रगतिवादी कथामा आमूल परिवर्तनको चेतना र रूपान्तरणको सन्देशप्रवाहमा नारीअनुभूतिका संरचना निर्माणपरिप्रेक्ष्यका विषयगत वैविध्यलाई फराकिलो आयाममा समेट्ने कार्य भने बाँकी नै छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनमा लैङ्गिक संस्कृतिको खोजी समकालीन प्रगतिवादी कथामा प्रस्तुत नारीपात्रका अनुभूतिको संरचनाका आधारमा गरिएको छ । तिनमा मूलतः यौनहिंसा, प्रेम, विवाह र प्रजनन, अर्थगत, कार्यक्षेत्रगत तथा पुँजीवादको प्रभावलगायतका परिप्रेक्ष्यमा नारीअनुभूतिले संरचनात्मक स्वरूप धारण गरेका छन् । लैङ्गिक विभेदयुक्त समाजप्रतिको कथाकारको संवेदनशीलताले तिनका रचनामा नेपाली नारीसमुदायले भोलिरहेको लैङ्गिक उत्पीडन र त्यस सन्दर्भका दबाब र तनावजन्य अनुभूतिका संरचनाका माध्यममा सशक्त अभिव्यक्ति पाएका छन् जसमा सदियौँदेखि प्रवाहित पितृसत्ताको संस्कृति वर्तमानसम्म नै कायम रहेको सामाजिक यथार्थ मूर्त बनेको छ । साथमा, सहनको संस्कृतिबाट माथि उठ्दै प्रतिरोधी स्वरसहितको अनुभूति साँच्न थालेको उदीयमान पिँढी क्रमिक रूपमा तयार हुँदै गरेको नारीसमुदायमा देखिएको परिवर्तनको प्रक्रियालाई पनि विवेच्य कथाहरूले उद्घाटन गरेका छन् । तिनमा सामन्तवादी संस्कृतिको क्षयोन्मुख अवस्था र विभेदमुक्त लैङ्गिक संस्कृति स्थापनाको ध्येय पनि अभिव्यञ्जना हुन सकेको छ तथापि प्रगतिवादी कथामा वर्गीय संस्कृतिको परिप्रेक्ष्य नै विषयसन्दर्भ ज्यादा बनिरहेको र लैङ्गिक परिप्रेक्ष्यले कमै स्थान पाएको देखिन्छ । त्यसमा पनि लैङ्गिक सन्दर्भ यौनहिंसामा बढी केन्द्रित रहेको वर्तमान लेखन परिपाटी अब बहुआयाममा फराकिलो बन्दैजानु पर्दछ । त्यस्तै, समाजमा विद्यमान सबै प्रकारका शोषण र असमानताको विरोध गर्दै प्रगतिवादी चेतअनुरूपको समतामूलक समाजनिर्माणको परिकल्पनालाई नारीअनुभूतिका संरचनामा सशक्त प्रस्तुति दिने कामलाई पनि थप विस्तार गर्नुपर्ने दायित्वका साथै सामन्तवादी लैङ्गिक उत्पीडनका परिप्रेक्ष्यलाई सहनको संस्कृतिमै सीमित राखेर सहानुभूतिको स्वर भर्ने परम्परित लेखनभन्दा भिन्न उत्पीडन विरुद्ध प्रतिरोधी चेतका सशक्त स्वर भर्न सक्नुपर्ने जिम्मेवारी पनि अब लेखिने प्रगतिवादी नेपाली कथाको रहेको छ । यस अर्थमा तिनमा नारीसमुदायका उदीयमान पिँढीगत अनुभूतिको संरचनाको प्रस्तुति महत्त्वपूर्ण हुन्छ ।

(प्रस्तुत लेख विश्वविद्यालय अनुसन्धान आयोग, भक्तपुरबाट *सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अनुभूतिको संरचना* शीर्षकमा विद्यावारिधि अनुसन्धानको प्रयोजनार्थ विद्वत्वृत्ति प्राप्त गरी सोही अनुसन्धानमा आधारित रही तयार गरिएको हो । म उक्त संस्थाप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।)

## सन्दर्भ सामग्री सूची

उप्रेती, सञ्जीव (२०६८/२०६९), *सिद्धान्तका कुरा.* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

क्षेत्री, भवानी (२०७४), 'उजेली'. *समसामयिक प्रगतिवादी नेपाली कथा,* (सम्पा.). बिन्दु शर्मा. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गिरी, आन्विका (२०६६), *कम्युनिस्ट.* काठमाडौँ : साङ्ग्रिला पब्लिकेसन ।

ज्ञवाली, प्रदीप (२०७४), 'स्वप्नभङ्ग'. *समसामयिक प्रगतिवादी नेपाली कथा,* (सम्पा.). बिन्दु शर्मा. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

ढकाल, नारायण (२०७६), *तमस.* काठमाडौँ : बुक-हिल पब्लिकेसन ।

थिङ, बिना (२०७७), *याम्बुनेर.* काठमाडौँ : फिनिक्स बुक्स ।

नेपाल, सीताराम (२०७४), 'विश्वासघात'. *समसामयिक प्रगतिवादी नेपाली कथा.* (सम्पा.). बिन्दु शर्मा. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

भट्टराई रमेशप्रसाद (२०६८). 'लैङ्गिक समालोचना'. *रत्न बृहत् नेपाली समालोचना.* प्रायोगिक खण्ड. (सम्पा.) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम. काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद (२०७०). 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू'. *भृकुटी.* भाग १९, पृ.३३४-३६४ ।

राजव (२०७५), *पाईः* काठमाडौँ : साङ्ग्रिला पुस्तक ।

विभास, नवीन (२०७३), *रोल्पा सुइना.* काठमाडौँ : साङ्ग्रिला बुक्स ।

विष्ट, गायत्री (२०७२), *कामरेडको कथा.* काठमाडौँ : मण्डप बुक्स ।

शर्मा, घनश्याम (२०७४), 'जुन रोएको रात'. *समसामयिक प्रगतिवादी नेपाली कथा.* (सम्पा.), बिन्दु शर्मा. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

श्रेष्ठ, अनिल (२०७५), *प्रजातन्त्र र पागल.* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशा प्रा.लि ।

श्रेष्ठ, अभय (२०७४), 'सुमेरुमा द्रौपदी'. *समसामयिक प्रगतिवादी नेपाली कथा.* (सम्पा.), बिन्दु शर्मा. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०६८), *नेपाली* कथासाहित्यको विकासक्रम र वर्तमान सन्दर्भ. *कथाविमर्श.* (सम्पा.) सनत रेग्मी र भाउपन्थी, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

सङ्ग्रौला, खगेन्द्र (२०७४), 'कुराउनीको रित्तो पेरुङ्गो'. *समसामयिक प्रगतिवादी नेपाली कथा.* (सम्पा.). बिन्दु शर्मा. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

Williams, R. (1961/1965). *The long revolution*. (2nd Ed). London : Penguins books.

Williams, R. (1979). *Politics and letters: Interview with New left review*. London : New Left Books.

Williams, R. (1977/2010). *Marxism and literature*. (Reprinted). Nodia : Nutech Photolithographers, Oxford University Press.